मन्थली नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
(कृषि विकास उपशाखा)
मन्थली, रामेछाप
बागमती प्रदेश, नेपाल

फोन: ०४८-५४०११२

प.सं. ०८०/८१

## वडागत कृषि उत्पादन पकेट विकास कार्यक्रमको लागि प्रस्तावपत्र पेश गर्ने सम्वन्धी सूचना ।

प्रथमपटक प्रकाशित मिति २०७९/०५/३१

मन्थली नगरपालिकाको चालु आ.व.२०८०/८१ को स्वीकृत बार्षिक कार्यक्रम अनुसार लागत साझेदारीमा प्रत्येक वडामा कृषि उत्पादन पकेट विकास कार्यक्रम कार्यान्वयनको लागि यस नगरपालिकाबाट भर्खरै भएको **कृषि तथा पशुपालन सम्वन्धी सम्भाव्बयता अध्ययन २०८० र सम्वन्धित वडावाट सिफारिस भएका** कृषि वालीहरुको नयाँ पकेट कार्यक्रम सञ्चालन गर्न ईच्छुक देहायका वडाका तोकिएको मापदण्ड पूरा भएका कृषकहरु/कृषि सहकारी/कृषक समुहले देहायका कागजात सहित यो सूचना प्रकाशित भएको मितिले १५ दिन (मिति २०८०/०६/१४ गते) भित्र कार्यालय समयमा सम्वन्धित वडा कार्यालय वा वडा स्थित कृषि/पशुसेवा केन्द्रमा निवेदन पेश गर्नुहुन सम्वन्धित सवैको जानकारीको लागि सूचना प्रकाशन गरिएको छ ।

क. पकेट वालीहरु:

| क्र.सं. | वडा नं. | पकेट बालीको नाम |
|---|---|---|
| १ | २ | तरकारी/तेलहन वाली |
| २ | ३ | दलहन/फलफूल |
| ३ | ६ | तरकारी/फलफूल/बदाम |
| ४ | ७ | तरकारी/फलफूल |
| ५ | ८ | तरकारी/फलफुल |
| ६ | ९ | सुन्तलाजात फलफूल/फूल |
| ७ | १० | तरकारी/दलहन |
| ८ | ११ | मसलाबाली/फलफूल |
| ९ | १२ | मसलाबाली/तरकारी |
| १० | १३ | तरकारी/फलफूल |
| ११ | १४ | चिया/फलफूल |

ख. आधारभूत मापदण्ड:

- सडक, विजुली लगायत आधारभूत पूर्वाधार भएको,
- भूगोल, हावापानी र माटो सुहाउँदो र सिंचाई सुविधा वा सम्भावना भएको,
- जग्गाको क्षेत्रफल न्यूनतम ५० रोपनी चक्लावन्दी मिलेको,
- वजारीकरणको लागि सहज ।

ग. पेश गर्नुपर्ने कागजातहरु:

- वडागत उत्पादन पकेट विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७९ को अनुसूचि १ अनुसारको ढाँचामा निवेदन,
- अनुसूचि-४ अनुसारको प्रस्तावपत्र,
- अनुसूचि- ५ अनुसारको प्रतिवद्धतापत्र,
- समुह/सहकारीको हकमा अनुसूचि २ अनुसारको संस्थागत विवरण
- निवेदक/निवेदकहरुको नागरिकताको प्रतिलिपी, जग्गाको लालपूर्जाको प्रतिलिपि
- चालु आ.व.मा कृषि विकास उपशाखामा सूचिकृत नभएका समुह/सहकारीको हकमा, दर्ता/नविकरण, चालु आ.व.को करचुक्ता र अडिट रिपोर्ट (समुहको लागि करचुक्ता र अडिट रिपोर्ट अनिवार्य नभएको)।

*विस्तृत जानकारीको लागि सम्वन्धित वडाको कृषि प्राविधिक वा यस कार्यालयको कृषि विकास उपशाखामा सम्पर्क गर्न सकिनेछ ।*

प्रमुख प्रशासकीय अधिकृत